# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०४।०८ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

---

शिक्षा बोधनी प्राथमिक विद्यालय धौवादी-६ बसेनी, नवलपरासीका प्राथमिक शिक्षक हुमकान्त डुम्रेले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी पदमा नियुक्ति भै कार्यरत रहेकाले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय, वाराणसी, भारतबाट प्राप्त गरेको एस.एल.सी सरहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी प्राथमिक शिक्षक (अस्थायी) पदमा नियुक्ति लिइ लाभ लिएको देखिन आएको हुँदा निजको उक्त कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता